**Punyawati Journal**
**Volume 2, 2026**
DOI: https://doi.org/10.3126/punyawati.v2i1.90303 ISSN: 3059-9652 (Print), 3059-9660 (Online)

# काभ्रेपलाञ्चोक जिल्लाको पनौतीका सांस्कृतिक सम्पदाहरूको संरक्षणमा सामुदायिक दृष्टिकोण

**हरिभक्त कर्माचार्य[१], सूर्यभक्त कर्माचार्य[२]**

*१. सहायक प्राध्यापक, इन्द्रेश्वर क्याम्पस, पनौती*
*२. सहायक प्राध्यापक, इन्द्रेश्वर क्याम्पस, पनौती*

## लेखसार

काभ्रेपलाञ्चोक जिल्लाको पनौतीको नगरपालिका वडा नं. ७ का सांस्कृतिक सम्पदाको संरक्षणमा टेवा पुऱ्याउने हेतुका साथ यो अध्ययन गरिएको हो । यो अध्ययन गुणात्मक अनुसन्धान पद्धतिमा आधारित रहेको छ । ऐतिहासिक तथ्य संकलनका लागि सम्वन्धित विद्धत वर्ग, स्थानीय जेष्ठ नागरिक,स्थानीय निकाय प्रतिनिधिहरु सँगको साक्षात्कार र विचार विमर्श छ । यो अध्ययन ऐतिहासिक पक्षमा रहेकोले संख्यात्मक भन्दा गुणात्मक विश्लेषणमा आधारित रहेको छ । समाजशास्त्री एगस्ट कोंटको प्रत्यक्षवादी र इमाइल दुर्खिमको समाजशास्त्रीय दृष्टिकोणको आधारमा सांस्कृतिक सम्पदाहरूले समाजमा रहेको प्रतीकात्मक अर्थ, सामूहिक चेतनामा तिनको भूमिका, र सामाजिक एकताको संरक्षणमा तिनले खेल्ने भुमिकाको गहन व्याख्या गरिएको छ । यसरी, मात्रात्मक तथ्याङ्क र गुणात्मक अर्थबोध समन्वय गरी, सम्पदा र सामाजिक पहिचान बीचको जटिल सम्बन्धको बहुआयामिक विश्लेषण गरिएको छ । ऐतिहासिक शोध र सामूदायिक अध्ययनबाट पनौतीमा ३० भन्दा बढी ऐतिहासिक नामहरू, २७ भन्दा बढी अभिलेख, र ५० भन्दा बढी चाडपर्वहरू रहेको पुष्टि भएको छ । अध्ययन क्षेत्र वडा नं. ७ मा नौवटा ऐतिहासिक स्मारक र टोलहरू र २६ सामाजिक संस्थाहरू सक्रिय रहेका छन् । तथापि, आधुनिकीकरणले सिर्जना गरेका चुनौतीहरू जस्तै भाषिक सङ्कट (नेवारी बोल्ने दर ५२.७६%), युवामा उदासीनता र अवैध व्यापारले सम्पदाहरू लोप हुने खतरा बढेको छ । यी समस्याहरूको मुख्य कारण व्यक्तिवादी मानसिकताको वृद्धि र संयुक्त परिवारको ह्रास रहेको पाइयो । अध्ययनले पनौतीको विश्व सम्पदा सूचीकरणका लागि पूर्वाधार रहे तापनि मापदण्ड पालना र राजनीतिक इच्छाशक्तिको अभावमा यो प्रक्रिया अवरुद्ध रहेको पत्ता लाग्यो । यसको लागि सांस्कृतिक शिक्षा, युवा सहभागिता, र सामूदायिक संरक्षण कार्यक्रमहरू अपनाउनु अपरिहार्य रहेको छ । पनौतीको समृद्ध सांस्कृतिक विरासतलाई संरक्षण गर्दै आधुनिक विकाससँग सन्तुलन कायम गर्ने खाँचो यस अध्ययनबाट स्पष्ट भएको छ। यी सम्पदाहरूको संरक्षणको लागि स्थानीय समुदाय, सरकारी निकाय, र गैर-सरकारी संस्थाहरूको समन्वय र सहकार्यमा प्रस्तावित कार्ययोजना र रणनीति कार्यान्वयन गर्नु आवश्यक छ ।

**शव्दकुञ्जी:** पनौती,सांकृतिक सम्पदा, ऐतिहासिक स्मारक मठमन्दिर, सहरीकरण, परसंस्कृतिकरण, अनुकूलन, समुदाय सहभागिता

| Manuscript Received | Final Revision | Accepted |
|---|---|---|
| 28 October, 2025 | 23 January, 2026 | 27 January, 2026 |

*H.B. Karmacharya (hb.karmacharya@gmail.com)
*S.B. Karmacharya (karmacharyasb@gmail.com)

© Authors; Published by Punyawati Journal and peer-review under the responsibility of Indreshwor Campus.
Licensed under CREATIVE-COMMONS license CC-BY-NC 4.0

## १. विषय प्रवेश

सांस्कृतिक सम्पदाको शाब्दिक अर्थ कुनै समाज वा समुदायको परम्परागत कला, जीवनशैली र ऐतिहासिक धरोहरहरू हुन्, जसलाई संरक्षण गर्दै नयाँ पुस्तामा हस्तान्तरण गरिन्छ। सांस्कृतिक सम्पदाको दायरामा पुरातात्विक स्थलहरू, ऐतिहासिक संरचनाहरू, कलाकृतिहरू, साथै भाषा, परम्परा, मूल्यमान्यता, लोककला र ज्ञानप्रणालीहरू पर्दछन् । हेर्नी क्लेमिस का अनुसार, "सांस्कृतिक सम्पदालाई मानिसहरूको सामुहिक स्मृति भनिन्छ, जसले हाम्रो ऐतिहासिक पहिचानलाई प्रतिनिधित्व गर्छ । सांस्कृतिक सम्पदालाई भौतिक र अभौतिक गरी दुई प्रकारमा वर्गीकृत गर्न सकिन्छ । भौतिक सम्पदा अन्तर्गत मठ, मन्दिर, महल, पुरातात्विक स्थलहरू, ऐतिहासिक भवनहरू, मूर्तिकला, वास्तुकला, पाण्डुलिपिहरू, शिलालेख तथा अन्य संरचनाहरू पर्दछन्, जुन भौतिक रूपमा विद्यमान हुन्छ । अभौतिक सम्पदामा लोककला, मौखिक परम्परा, भाषा, धर्म, गीत-संगीत, नृत्य, ज्ञान, विश्वास र सांस्कृतिक अभ्यासहरू समावेश छन् । सांस्कृतिक सम्पदा कुनै पनि राष्ट्र वा समुदायको इतिहास, पहिचान र जीवनशैलीलाई संरक्षण गर्ने महत्वपूर्ण साधन हो, जसले विगत र वर्तमानबिच सम्वन्ध जोड्ने सेतुको रुपमा रहेको हुन्छ । विश्वका विभिन्न संस्कृतिहरूले आफ्नो सिर्जनात्मक पुरुषार्थको परिचय दिँदै, आफ्ना पुर्खाहरूले छोडेका चिन्ह र विरासतलाई अगाडि बढाएका छन्, जसकारण सांस्कृतिक सम्पदा मानव इतिहास र सभ्यताको साझा धरोहर बनेको छ ।

विश्वमा सांस्कृतिक सम्पदाको अत्यन्त महत्वपूर्ण भूमिका रहेको छ । जुन देशमा विशाल सांस्कृतिक धरोहरहरू छन्, ती देशहरू विश्वपर्यटकहरूको आकर्षणको केन्द्र बनेका छन् र आफ्नो समृद्ध संस्कृतिमा गर्व अनुभव गर्छन् । कुनै पनि समाजको संस्कृति र इतिहास नभएको रूखको जरा नभएको जस्तै हुन्छ भन्ने कुरा स्पष्ट छ । सांस्कृतिक सम्पदाले नै कुनै राष्ट्रको सभ्यताको ठोस प्रमाण प्रस्तुत गर्दछ । अठारौं र उन्नाइसौं शताब्दीमा राष्ट्रिय पहिचानको उदयसंगै सांस्कृतिक सम्पदालाई राष्ट्रिय गौरवसँग जोडेर हेरिन थालियो । यसै क्रममा सङ्ग्रहालयहरूको स्थापना भएको थियो। विशेषगरी दुई विश्वयुद्धपछि सांस्कृतिक सम्पदाको संरक्षण अन्तर्राष्ट्रिय महत्वको विषय बन्यो । अफगानिस्तानको बामियान बुद्ध मूर्ति र कम्बोडियाको अङ्कोरवाट मन्दिर जस्ता धरोहरहरूको विनाशले विश्वलाई सांस्कृतिक संरक्षणको आवश्यकताको प्रति सचेत गरायो। यसैको परिणामस्वरूप सन् १९७२ मा युनेस्कोले 'विश्व सम्पदा महासन्धी' लागू गर्यो । सांस्कृतिक सम्पदाको महत्व विभिन्न आयाममा देखिन्छ । यसले समाजको पहिचान संरक्षण गर्दछ, विश्वव्यापी एकता र विविधता प्रवर्द्धन गर्दछ, शिक्षा र ज्ञानको हस्तान्तरणमा सहयोग पुर्याउँछ, पर्यटन र आर्थिक विकासलाई प्रेरित गर्दछ, र अन्तर्राष्ट्रिय सहयोगको माध्यम बन्दछ । सांस्कृतिक सम्पदा एक राष्ट्र वा समुदायको इतिहास, पहिचान र जीवनशैलीलाई संरक्षण गर्ने साधन हो, जसले विगत र वर्तमानलाई जोड्न मद्दत गर्दछ । यसको संरक्षणले समुदायको भावनात्मक र मानसिक स्वास्थ्यलाई बलियो बनाउँछ । त्यसैले यूनेस्को जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूले विश्वभरिका महत्वपूर्ण सांस्कृतिक सम्पदाहरूको संरक्षण र सम्वर्धन गर्न सक्रिय भूमिका खेलिरहेका छन् ।

नेपालको सन्दर्भमा, किराँत, लिच्छवी जस्ता विभिन्न वंश र समुदायहरूले आफ्नो संस्कृति सहितको बसाई सरेका थिए, जसले गर्दा उत्तरको बौद्ध र दक्षिणको हिन्दू आर्य संस्कृतिहरूको उपयुक्त समायोजन भएको थियो । यसले नेपाललाई सांस्कृतिक विविधताको केन्द्रको रूपमा स्थापित गर्यो । मध्यकालमा आएर पगोडा, शिखर, गुम्बज जस्ता विभिन्न वास्तुशैलीहरूको विकास भयो, जसले स्थानीय र बाह्य संस्कृतिहरूको सुन्दर

सम्मिश्रणलाई प्रतिनिधित्व गर्छ । पनौती नगरपालिका नेपालको संघीय राजधानी काठमाडौँबाट ३२ किलोमिटर दक्षिण-पूर्वमा अवस्थित एउटा सांस्कृतिक, ऐतिहासिक र धार्मिक महत्व बोकेको सम्पदाले भरिपूर्ण नगर हो । पनौती मन्दिर नेपालका १० स्थानहरू मध्येको एक अस्थायी युनेस्को विश्व सम्पदा क्षेत्र हो (युनेस्को, २०२१)। नेपालको इतिहास अनुसार, आनन्द देव मल्लले विक्रम सम्वत् ११५३ तिर बनेपा लगायतका सात गाउँ स्थापना गर्ने क्रममा नै पनौती नगरको स्थापना गरेको बताइन्छ। पनौती क्षेत्रमा फेला परेका ढुङ्गे हतियारहरूले यसको इतिहास भन्दा पनि प्रागैतिहासिक कालखण्डसम्म पुगेको सङ्केत गर्दछन् । यस आधारमा, काठमाडौँ उपत्यका अझै पानीमा डुबेको समयमा नै पनौती र यसको वरिपरिका क्षेत्रहरूमा बस्ती विकास भइसकेको अनुमान गर्न सकिन्छ । यो रुद्रावती (पद्मावती), पुण्यावती र लीलावती नदीहरूको संगमस्थलमा रहेको छ । यो नेवार समुदायको ऐतिहासिक स्थान हो । नेवार संस्कृति लगातार सयौं वर्षदेखि अभ्यास, प्रवर्द्धन र संरक्षण गरिँदै आइरहेको छ ।

पनौतीमा रहेका मन्दिर, स्मारक, स्तम्भ, शिलालेख, भित्तेचित्र जस्ता पुरातात्विक वस्तु ,पनौतीको लायकु स्मारकक्षेत्रको २०६१ सालमा पुरातत्व विभागले गरेको उत्खननबाट प्राप्त भएका लायकु भवन भग्नावशेष,तलेजु मन्दिर, इनार, सुरक्षा चौकी, प्रस्तर स्तम्भ, कलात्मक वस्तु,प्रस्तर मूर्ति, यन्त्राकार मृण्मय मूर्ति लिच्छविकालीन पशुपति मुद्रा,नव पाषणकालीन प्रस्तर औजार र लोहोरो दबिएको अवस्थामा प्राप्त भएका छन् । कतिपय सांस्कृतिक सम्पदा भूकम्प,बाढी र सार्वजनिक तथा निजी भवन भौतिक संरचना बनाउँदा जानि नजानि पुरिएका छन् भने कतिपय लोप भएर गएका छन् । विश्वव्यापीकरण र आधुनिक जीवनशैलीको प्रभावले परम्परागत संस्कार, भाषा र लोककलाहरू लोप हुने खतरामा छन् भने स्थानीय समुदायमा सांस्कृतिक सम्पदाको महत्त्वबारे चेतनाको अभावले संरक्षण प्रयासहरूलाई अरु बढी जटिल बनाएको छ । पनौती नगरपालिकाको मुटु रूपमा रहेको वडा नं. ७ को नेवार मौलिक बस्ती सदियौं देखिको ऐतिहासिक र पौराणिक खुल्ला सङ्ग्रहालय हो । घिमिरे र श्रेष्ठ (२०१७) का अनुसार, पनौतीको मुख्य इन्द्रेश्वर मन्दिर लिच्छवि कालमा प्रसिद्ध राजा मणिदेवको प्रति कृतज्ञताको चिन्हको रूपमा निर्माण गरिएको हो (पृष्ठ ५)। यहाँका मठ, मन्दिर, देवालय, सत्तल, इनार चोक, ननी, ढुंगे धारा, लायकु र क्वाथःगल्ली जस्ता सांस्कृतिक सम्पदाहरूले घामपानी, मौसम, भूकम्प जस्ता प्राकृतिक विपद्हरूसँग जुध्दै स्थानीय जनजीवनसँग गहिरो सम्बन्ध राखी आएका छन् । यी सबै चुनौतीहरूले हाम्रो सांस्कृतिक पहिचान, ऐतिहासिक विरासत र परम्परागत ज्ञानलाई गम्भीर जोखिममा पारेको छ, जसको लागि तत्काल संरक्षणका उपायहरू आवश्यक छन् । यसले इतिहास र सभ्यताको संरक्षण, सामाजिक पहिचानको सुरक्षा, अध्ययन र अनुसन्धानको स्रोत निर्माण, सामुदायिक सहभागिता र अन्तर्राष्ट्रिय सहयोग जस्ता क्षेत्रहरूमा महत्वपूर्ण योगदान दिने अपेक्षा राखिएको छ ।

## २. उद्देश्य र अध्ययन विधि

पनौतीको सांस्कृतिक सम्पदाको ऐतिहासिक महत्व र संरक्षणका लागि यस अध्ययनले चार उद्देश्यहरू राखेको छ । पहिलो, ऐतिहासिक प्रमाणहरूको व्यवस्थित सङ्कलन र विश्लेषण गर्ने; दोस्रो, सांस्कृतिक सम्पदाको सूची बनाई तिनको ऐतिहासिक, स्थापत्य र सांस्कृतिक मूल्याङ्कन गर्ने; तेस्रो, विश्व सम्पदा सूचीमा सुचिकृत गर्न हालसम्म गरिएका प्रयासहरूको अध्ययन गर्ने; चौथो, सांस्कृतिक सम्पदाको उचित संरक्षण/संम्बर्धनका लागि कार्ययोजना/रणनीति तयार गर्ने । यसका लागि यो अध्ययन गुणात्मक

अनुसन्धान पद्धतिमा आधारित रहेको छ । ऐतिहासिक तथ्य सङ्कलनका लागि पनौती न.पा. वडा नं ७ को २०७८ को नेपालको जनगणनामा जेष्ठ नागरिक ३२० कुल संख्या मध्ये ४८ जना मुख्य प्रभावित अथवा सरोकारित मध्येबाट १५ प्रतिशत भित्र वडाको स्थान विशेष र सामाजिक संघ संस्था प्रतिनिधित्व रहने गरी नमुना छनौट गरी निर्देशित वस्तुगत र विषयगत प्रश्नावलीका साथै सन्दर्भमा तथ्य खोजीका लागि अवलोकन,सामूहिक छलफल,तुलना,असंरचित अन्तरवार्ताका सवालहरु सहित विगत र वर्तमान वुझ्ने ढङ्गले सोधनी कार्य भएको छ । यस सम्वन्धित विद्धत वर्ग, स्थानीय जेष्ठ नागरिक,स्थानीय निकाय प्रतिनिधिहरु संगको साक्षात्कार विचार विमर्श, अनुसन्धान भएका लेख प्रतिवेदन र प्राप्त भएका प्रमाणको आधारमा सांस्कृतिक सम्पदा सूची विवरण प्रस्तुत गरि वस्तुनिष्ठ, तर्क युक्त विश्लेषणको आधारमा निचोडमा पुग्ने प्रयास भएको छ । यो अध्ययन अनुसन्धान ऐतिहासिक पक्षमा रहेकोले सङ्ख्यात्मक भन्दा गुणात्मक विश्लेषणमा आधारित रहेको छ । यसरी, मात्रात्मक तथ्याङ्क र गुणात्मक अर्थबोध समन्वय गरी, सम्पदा र सामाजिक पहिचानबिचको जटिल सम्बन्धको बहुआयामिक विश्लेषण गरिएको छ ।

## ३. नतिजा विश्लेषण

### ३.१ ऐतिहासिक प्रकाशित तथ्य सङ्कलन

पनौती नगरको ऐतिहासिक नामकरणको दृष्टिमा प्राप्त ३० विभिन्न नामहरूले (अनुसूची १) यस ऐतिहासिक बस्तीको नामाकरणको विकासक्रमलाई स्पष्ट रूपमा उजागर गर्दछ । सबैभन्दा पुरानो अभिलेखित नाम “पुनांगुं” (ने.सं. ४३१) देखि शुरु भएको यो शृंखलामा लिच्छविकालीन “पुण्यमति” (ने.सं. ४८१), “पूर्णमति” (ने.सं. ४६२), “पुनन्ती” (ने.सं. ४६६) जस्ता नामहरू समावेश छन्। मध्यकालीन अभिलेखहरूमा “पन्नगविषय” (ने.सं. २७०), “पनुंगविषय” , “प्वनंती” लगायतका रूपहरू प्रयोग भएको पाइन्छ । मल्लकालीन समयमा “पूर्णामति”, “पुण्यावती पुरी”, “पनति” जस्ता नामहरू प्रचलनमा आए । नेपाल सम्वत् को आठौं र नौऔं शताब्दीहरूमा “पनाति”, “पनान्ति”, “पन्नाति”, “पुण्यवती” जस्ता विविध रूपहरू देखा परे भने ने.सं. ९०० पश्चातका अभिलेखहरूमा “पुण्यवति”, “पुर्णावती”, “पनाति” जस्ता नामहरूको प्रयोग भएको पाइन्छ । यी सबै ऐतिहासिक नामहरूको विकासक्रमले आधुनिक “पनौती” नामको उद्‌गम र परिवर्तनको समृद्ध इतिहासलाई प्रमाणित गर्दछ ।

### ३.२ पनौती नगरमा भेटिएका ऐतिहासिक अभिलेखहरु

पनौती क्षेत्रमा विभिन्न ऐतिहासिक कालखण्डका प्राप्त भएका २७ अभिलेखहरूले ( अनुसूची २) यस क्षेत्रको ऐतिहासिक, धार्मिक र सांस्कृतिक महत्वलाई प्रमाणित गर्दछन्। यी अभिलेखहरू मुख्यतया शिलालेख, ताम्रपत्र, स्वर्णपत्र र काष्ठपत्रका रूपमा रहेका छन् । ताम्रपत्र र स्वर्णपत्रमा राजदरबारका आदेश, दानपत्र र धार्मिक अनुदानको विवरण उल्लेख छ भने शिलालेखहरूमा मन्दिर निर्माण, देवस्थानको स्थापना र ऐतिहासिक घटनाक्रमको विवरण समावेश छ । विशेष गरी इन्द्रेश्वर मन्दिर परिसर, सचीतीर्थ त्रिवेणीघाट र लायकु दरबार क्षेत्रमा प्राप्त अभिलेखहरूमा लिच्छविकालदेखि मल्लकालसम्मको इतिहास समेटिएको छ । यी अभिलेखहरूमा संस्कृत, नेवारी र प्राकृत भाषाको प्रयोग भएको पाइन्छ, जसले त्यतिबेलाको भाषिक विविधतालाई पनि सङ्केत गर्दछ । ताम्रपत्र अभिलेखहरूमा विरमादेवीद्वारा इन्द्रेश्वर मन्दिरको निर्माण तथा जीर्णोद्धार, राजा जयसिंहराम वर्दनले शिवलिङ्गमा सुनको खोल राखेको र तुलानारायण मूर्ति स्थापना गरेको

विवरण उल्लेख्य छन् । यी अभिलेखहरू पनौतीको ऐतिहासिक गौरव र सांस्कृतिक समृद्धिको महत्वपूर्ण स्रोत हुन् । पनौती एउटा महत्त्वपूर्ण पुरातात्विक र ऐतिहासिक नगर हो भन्ने कुरा यहाँ भेटिने विविध शिलालेख, स्वर्णपत्र, ताम्रपत्र, सङ्ग्रहालयमा रहेका पुरातात्विक वस्तु, र भजनमा हालसम्म प्रयोग हुने पुराना पुस्तक र बंशावली अभिलेख जस्ता ज्वलन्त प्रमाणहरूले पुष्टि गर्दछ ।यसै क्रममा, नेवारी भाषा, संस्कृति संवर्द्धन र अनुसन्धानमा सक्रिय वलांछे टोलको एक सामाजिक संस्था “नसंचा पुचः“ ले नेपाल सम्वत् ११२० मा प्रकाशित गरेको, योगेशराजद्वारा सम्पादित “पन्तिया अभिलेख“ नामक ऐतिहासिक पुस्तकले यस क्षेत्रका धरोहरहरूको अभिलेखीकरण गरेको छ ।

### ३.३ पनौतीको सांस्कृतिक सम्पदा

पनौती क्षेत्रको ऐतिहासिक महत्व लिच्छविकालदेखि नै रहेको पाइन्छ, जुन कुरा यहाँको पुरातात्विक अवशेषहरूले प्रमाणित गर्दछन् । वर्तमान समयमा यस क्षेत्रमा जनगणना २०७८ अनुसार ५,०८२ जनसंख्याको बसोबास रहेको छ भने यो आफ्नो विशिष्ट घण्टाकार भौगोलिक संरचनाका कारण पनि चिनिन्छ । यस क्षेत्रको दक्षिणी सीमामा रोशी खोला र उत्तरी सीमामा पुण्यमाता खोलाको प्रवाहले यसलाई प्राकृतिक सौन्दर्यले सजाएको छ । पनौती नगरपालिकाको वडा नं. ७ एउटा समृद्ध सांस्कृतिक विरासत भएको क्षेत्र हो जसमा कुल नौ वटा प्रमुख ऐतिहासिक स्मारक र टोलहरू रहेका छन् (अनुसूची ३)। यी टोलहरूमा इन्द्रेश्वर मन्दिर परिसर, सचीतीर्थ त्रिवेणीघाट, यालाछेंटोल, अघाटोल, लायकु स्मारक क्षेत्र, पमाडि, वलाछें, दुमांगल, र कोलाछेंटोल समावेश छन् । प्रमुख भौतिक सांस्कृतिक सम्पदाहरू मध्ये रोशी र पुण्यमाता खोलाको पवित्र सङ्गमस्थलमा रहेको सचीतीर्थ त्रिवेणीघाट यस क्षेत्रको सबैभन्दा महत्वपूर्ण धार्मिक स्थल हो । पौराणिक मान्यताअनुसार, स्वर्गका राजा इन्द्रले आफ्नो पाप प्रायश्चित गर्न यहीं मुक्तेश्वर महादेवको तपस्या गरेको भनिन्छ। यस ऐतिहासिक घाटमा मुक्तेश्वर महादेवको मुख्य मन्दिरसँगै माधवनारायण, केदारनाथ, बद्रीनाथ लगायतका विभिन्न देवताहरूका मन्दिरहरू रहेका छन्। यसको वास्तुकला लिच्छविकालीन स्थापत्य कलाको उत्कृष्ट नमुना हो। प्रत्येक १२ वर्षमा यहाँ लाग्ने मकरमेला नेपालको एक प्रमुख धार्मिक आयोजन हो, जसलाई देशभरिका लाखौं तीर्थयात्रीहरूले आफ्नो जीवनको महत्वपूर्ण धार्मिक अनुष्ठानको रूपमा मनाउँछन् । त्यस्तै, यालाछेंटोलमा अवस्थित इन्द्रेश्वर मन्दिर पनौतीको गौरवशाली सांस्कृतिक विरासतको अर्को महत्वपूर्ण नमूना हो । तीन तले प्यागोडा शैलीमा निर्मित यो मन्दिर नेपाली वास्तुकलाको राम्रो उदाहरण हो । मन्दिरको टुँडालमा रहेका रामायण र महाभारतका पात्रहरूको काठका मूर्तिहरू, अष्टमातृकाको सुन्दर प्रतिमाहरू, उन्मत्त भैरवको भयङ्कर रूप, सात नारायणको शान्त मुद्रा, र लिच्छवीकालीन शिवलिङ्गहरूले यो मन्दिरलाई एक सङ्ग्रहालयको रूपमा परिणत गरेको छ । मान्यता अनुसार, यस मन्दिरको वास्तुशिल्प नै पछि गएर पशुपतिनाथ मन्दिर निर्माणको प्रेरणा बनेको थियो।

अभौतिक सांस्कृतिक सम्पदाहरूको कुरा गर्ने हो भने, पनौतीमा वार्षिक रूपमा ५०भन्दा बढी चाडपर्वहरू मनाइने गरिन्छ, ८ प्रकारका परम्परागत बाजागाजाहरू प्रचलित छन्, ७ प्रकारका सांस्कृतिक नृत्यहरू र ५ प्रकारका रीतिरिवाजहरू प्रचलित छन् (अनुसूची ४)। चाडपर्वहरू मध्ये माता तीर्थ औंशीको दिन गरिने सामूहिक स्नान, अक्षय तृतीयामा नेवार समुदायद्वारा गरिने वेलविवाह, नमोबुद्ध पञ्चदान जात्रा, विजयादशमीको अवसरमा गरिने तलेजु जात्रा, ब्रम्हायणी जात्रा, योमरी पूर्णिमा, र माधवनारायण मेला आदि उल्लेखनीय छन् । यी सबै पर्वहरू सामुदायिक सहभागिता, धार्मिक आस्था, र सांस्कृतिक परम्पराको जीवन्त

उदाहरण हुन् । यस क्षेत्रमा ८ प्रकारका परम्परागत बाजागाजाहरू प्रचलित छन्, जसमा धिमे, नाय:खिन्चा, बाँसुरी आदि प्रमुख छन् । यी बाजाहरू विभिन्न धार्मिक अनुष्ठान, जात्रा, र सांस्कृतिक कार्यक्रमहरूमा बजाइने गरिन्छ । साथै, ७ प्रकारका सांस्कृतिक नृत्यहरू जस्तै देवी नाच, नवदुर्गा नाच र हरसिद्धी नाच आदि यहाँको पहिचान हुन् । यी नृत्यहरू धार्मिक विश्वास र कलात्मक अभिव्यक्तिको अद्वितीय संयोजन हुन् । र ५ प्रकारका रीतिरिवाजहरू प्रचलित छन्। यद्यपि पनौतीको ८०% सांस्कृतिक सम्पदाहरू सक्रिय रूपमा संरक्षित छन्, तर केही महत्वपूर्ण सांस्कृतिक अभ्यासहरू लोपोन्मुख अवस्थामा पुगेका छन्। सिना ज्या: बेंकेगु, जालद्यो: जात्रा, कों द्यो: जात्रा, माकचा बाँदर नाच, जोगी प्याखँ, र कं बाजा जस्ता सम्पदाहरू हाल आधुनिकीकरण र युवापुस्तामा अन्य संस्कृति लगावका कारण लोप हुन थालेका छन्। पनौतीको सांस्कृतिक इतिहासमा जालद्यो: जात्रा एक महत्वपूर्ण तर हाल लोप प्राय: परम्परा हो। यो जात्रा इन्द्रजात्राको अवसरमा मनाइने गरिन्थ्यो र यसको उत्पत्ति ऐतिहासिक रूपमा महामारी र बच्चाहरू हराउने समस्याको समाधानको रूपमा भएको मानिन्छ। मान्यता अनुसार, राक्षससँग भएको सम्झौता अनुसार वर्षमा एक पटक भातको देउता बनाएर तान्त्रिक विधिद्वारा पुण्यमाता खोलामा बलि दिइन्थ्यो। यो जात्रा पनौती र बनेपा दुवैमा प्रचलित थियो, तर विभिन्न कारणहरूले गर्दा पनौतीमा यो परम्परा स्थगित भएको छ। यस जात्राले स्थानीय समुदायको सामूहिक चिन्ता, आस्था र सांस्कृतिक समाधानको ऐतिहासिक रूपलाई प्रतिबिम्बित गर्दछ । जे होस्, पनौती नेपालको समृद्ध सांस्कृतिक विरासतको जीवन्त सङ्ग्रहालय हो । यहाँका भौतिक र अभौतिक सांस्कृतिक सम्पदाहरूले नेपाली सभ्यताको गौरवशाली इतिहास, कलात्मक उत्कृष्टता, र धार्मिक विविधतालाई प्रतिबिम्बित गर्दछन्।

### ३.४ पनौतीको सांस्कृतिक सम्पदालाई विश्व सम्पदामा सूचीकृत गर्न गरिएका प्रयासहरु

पनौतीको सांस्कृतिक सम्पदा विश्व समुदायको अमूल्य विरासत हो । युनेस्कोले १९७२ को महासन्धीअनुसार विश्व सम्पदा संरक्षणको लागि प्राविधिक र आर्थिक सहयोग उपलब्ध गराउँदछ । नेपाल सरकारले २०५८ मा पनौतीलाई स्मारक क्षेत्र घोषणा गरिसकेको छ र युनेस्कोले २०५२ मै यसको मध्ययुगीन वास्तुकलाको महत्व पुष्टि गरिसकेको छ । विश्व सम्पदा सूचीकरणको प्रक्रिया नगरका जनप्रतिनिधिहरूको प्रयासले अन्तिम चरणमा पुगेको थियो । विविध कारणले अहिले सम्म पनौती विश्व सम्पदा सूचीमा सामेल हुन सकेको छैन । यसको सूचीकरणले नेपालको यो महत्त्वपूर्ण सांस्कृतिक विरासतलाई अन्तर्राष्ट्रिय संरक्षण र मान्यता प्रदान गर्नेछ । पनौतीको सम्पदा संरक्षण गर्नु विश्व सम्पदा सूचीमा पार्नका लागि मात्र होइन कि हराउन लोप हुन लागिसकेको अवस्थावाट जोगउनु थियो । तसर्थ यस्ता अवस्था वाट २०४८ देखि २०५५ सालसम्ममा मित्रराष्ट्र फ्रान्स सरकारले यहाँको मठ मन्दिर पाटी, पौवाको पुरातत्व विभाग सँग समन्वय गरि मर्मत एवं जीर्णोद्धार गरी ठूलो गुण लगाएको थियो । यसै क्रममा हाल पनौती नगरपालिकाले सांस्कृतिकपर्यटन विकासका लागि कलात्मक काठ वनाउने तालिम,घरवास होमस्टे सञ्चालन र पुरातात्विक सम्पदा संरक्षण कार्यक्रम सञ्चालन लगायत सम्पदा तथा स्मारक क्षेत्रमा नियमित सरसफाई र सडक बत्ती व्यवस्था गरिँदै आएको छ । स्मारक सम्पदा क्षेत्रभित्र पर्ने व्यक्तिका नयाँ भवन संरचना तथा डिजाइनमा भवन संहिता तथा मापदण्ड अनुसार नक्सा पास गर्ने, तोकिएको मापदण्ड पूरा गरी अगाडिको मोहडामा दाँची इँटा र परम्परागत बुट्टे काठ प्रयोग गर्नेका लागि निश्चित अनुदानका रकमको व्यवस्था गरेको छ ।

पनौती नगरपालिकाको सांस्कृतिक र सामाजिक जीवनमा सक्रिय रूपमा संलग्न २६ वटा सामाजिक संस्थाहरू र ११ वटा शैक्षिक संस्थाहरू रहेका छन्  (अनुसूची ५) । सामाजिक संस्थाहरूमा युवा समूहहरू, विभिन्न महिला समूहहरू, टोल सुधार समितिहरू, जात्रा पर्व सञ्चालन समिति, र विभिन्न गुठी व्यवस्थाहरू समावेश छन्, जो क्रमशः नेपाल भाषा संरक्षण, खेलकुद विकास, युवा परिचालन, सांस्कृतिक सम्पदा संरक्षण, सरसफाई, भजन-जात्रा सञ्चालन, र सामूदायिक परम्पराको संरक्षण जस्ता विविध क्षेत्रमा योगदान दिँदै आएका छन् । यस्तै, शैक्षिक क्षेत्रमा  पनौती आधारभूत विद्यालय (पाठशाला), इन्द्रेश्वर मा.वि.,पुण्य मा.वि. इन्द्रेश्वरक्याम्पस, तेजगङ्गा बहुमुखी क्याम्पस लगायतका विद्यालय र क्याम्पसहरूसँगै ज्ञान विकास पुस्तकालय जस्ता शैक्षिक स्रोत केन्द्रहरूले यस क्षेत्रको शैक्षिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन्, तथापि धेनु पुस्तकालय पुनःजागरण पुस्तकालय र नसंचा ब्वने कुथी जस्ता केही संस्थाहरू बन्द भइसकेका छन् । सामाजिक संघ संस्थाहरुवाट पनौतीको भौतिक अभौतिक संम्पदा संरक्षणमा महत्वपूर्ण भुमिका रहेको पाइन्छन् ।

## ४. अध्ययनको विस्तृत विश्लेषण

पनौतीको सांस्कृतिक सम्पदाको अवस्था विश्लेषण गर्दा यो क्षेत्र अहिले एउटा नाजुक संक्रमणकालीन अवस्थामा रहेको छ भन्ने स्पष्ट हुन्छ । आधुनिकीकरणले ल्याएको सकारात्मक परिवर्तनहरू - जस्तै शैक्षिक परिवर्तनमा ७५.७०% प्रतिशतले अनुभव गरेको सुधार, नवीन प्रविधिको ५३.४२% प्रतिशतले उपयोग, र व्यवसायिक क्षेत्रमा ६७.२३% प्रतिशतको वृद्धि - ले समाजमा आर्थिक र शैक्षिक रूपमा प्रगतिको वातावरण बनाएको छ । तर यी प्रगतिले सांस्कृतिक धरोहरहरूमा गम्भीर चुनौतीहरू पनि सिर्जना गरेका छन् । विशेषगरी भाषिक र सांस्कृतिक पहिचान सङ्कटमा परेको अवस्था छ । नेवारी भाषा बोल्ने दर ५२.७६% प्रतिशतमा सीमित भएको छ भने परसंस्कृतिकरणको ५१.७१% प्रतिशत प्रभावले स्थानीय परम्पराहरूमा थप दबाब बढाएको छ । युवापुस्तामा सांस्कृतिक सम्पदाप्रतिको उदासीनता झन् चिन्ताजनक रूपमा देखिएको छ - मात्र ३९.७३% प्रतिशत युवाहरूमा “सम्पदा जोगाऔं” भन्ने भावना रहेको छ र संरक्षणमा सहभागी जनसङ्ख्या ३५.६५% प्रतिशतमा सीमित छ । यसको सिधा प्रभाव सम्पदाहरूको ह्रासोन्मुख अवस्थामा देख्न सकिन्छ । यस समस्याको मूल कारण व्यक्तिवादी मानसिकताको बढ्दो प्रवृत्तिमा रहेको छ, जुन ६४.८६% प्रतिशतमा पुगेको छ भने संयुक्त परिवारको संरचना ३३.०३% प्रतिशतमा झरेको छ । सामूदायिक भावनाको यो ह्रासले सांस्कृतिक सम्पदाहरूको संरक्षणलाई जटिल बनाइरहेको छ । तसर्थ, पनौतीको सांस्कृतिक सम्पदालाई टिकाउ रूपमा संरक्षण गर्न आधुनिकतालाई अस्वीकार गर्नु होइन, बरु सांस्कृतिक संरक्षणलाई आधुनिक ढङ्गले अपनाउँदै जानु अपरिहार्य छ । यसको लागि विद्यालयस्तरदेखि नै स्थानीय भाषा र संस्कृतिको शिक्षा, सांस्कृतिक स्थलहरूको व्यवस्थित संरक्षण, र युवाहरूलाई संस्कृतिसँग जोड्ने कार्यक्रमहरू अत्यावश्यक देखिन्छ ।

## ५. मुख्य निष्कर्ष, विवरण र प्रभावविश्लेषण

| क्र.स. | मुख्य निष्कर्ष | तथ्यांक/विवरण | प्रभाव |
|---|---|---|---|
| १. | नेवारी भाषा बोल्ने संख्याको ह्रास | मातृभाषा भएतापनि केटाकेटीहरुमा नेवारी बोल्ने दर ५२.७६% मात्र छ । | सांस्कृतिक पहिचान गुम्ने खतरा। भाषिक अभिलेखहरू बुझ्ने र जोगाउने चुनौती । |

| क.स. | मुख्य निष्कर्ष | तथ्यांक/विवरण | प्रभाव |
|---|---|---|---|
| २. | सांस्कृतिक परिवर्तन र व्यक्तिवादमा वृद्धि | करिबं ४६.०५% ले सांस्कृतिक परिवर्तन अनुभव गरेकाछन् । ६४.८६%मा व्यक्तिवादी चरित्र देखिएको छ । संयुक्त परिवार ३३.०३% मात्र रहेको छ । | सामूहिक हितभन्दा व्यक्तिगत महत्वाकांक्षा बढी । सांस्कृतिक जिम्मेवारीको भावना कमजोर । |
| ३. | सम्पदा संरक्षणप्रतिको उदासीनता | "सम्पदा जोगाऔं" भन्ने भावना ३९.७३%युवामा मात्र छ । संरक्षणमा सहभागी जनसंख्या ३५.६५% मात्र रहेको छ । | भौतिक र अभौतिक सम्पदा ह्रासोन्मुख। भावी पुस्ता सहित लाई जनचेतना जगाउन गाह्रो । |
| ४. | परसंस्कृतिकरणको बढ्दो प्रभाव | समाजमा ५१.७१% परसंस्कृतिकरणको प्रभाव रहेको छ । | स्थानीय संस्कृति, मूल्य र परम्परामा नकारात्मक असर। पाश्चात्य र अन्य जातीय प्रभाव हावी । |
| ५. | सकारात्मक विकासका सङ्केत | शिक्षामा सकारात्मक परिवर्तन ७५.७०% ले अनुभव गरेका छन् । नविनत्तम प्रविधिको उपयोग ५३.४२% मा पुगेको छ । व्यवसाय र उत्पादनमा ६७.२३% ले वृद्धि भएको महसुस गरेका छन् । | आधुनिकीकरणले जीवनस्तर र आर्थिक अवसरमा सुधार गरेको । |

## ६. सांस्कृतिक सम्पदाका अवसर तथा सम्भावनाहरु

| क.स. | अवसर / सम्भावनाको क्षेत्र | विवरण र लाभ |
|---|---|---|
| १. | सांस्कृतिक पहिचानको संरक्षण | सांस्कृतिक परम्परा, इतिहास, कला र संस्कृतिलाई जोगाउँछ। व्यक्ति र समाजमा अपनत्व, जिम्मेवारी, नैतिकता र अनुशासन विकास गर्दछ। जीवन्त संस्कृतिले विश्वका मानिसहरूलाई आकर्षित गर्दछ, जसले गर्वको अनुभूति गराउँछ र संस्कृतिलाई सँधैं जीवित राख्छ। |
| २. | पर्यटन उद्योगको विकास | सांस्कृतिक सम्पदाले आन्तरिक र बाह्य पर्यटकलाई आकर्षित गर्दछ र उपस्थितिलाई नियमित बनाउँछ। होटल, होम-स्टे, परम्परागत नेपाली खानाहरू र कलाको विकास भएको छ। स्थानीय अर्थतन्त्रमा ठूलो योगदान पुर्याउँछ। |
| ३. | रोजगारीको अवसर | सङ्ग्राहलय, गाइड सेवा, हस्तकला, होटल सेवा, वस्तु उत्पादन जस्ता क्षेत्रमा रोजगारी सिर्जना हुन्छ। कृषि र पशुपालनलाई पनि सहयोग पुग्छ। स्थानीय उत्पादनले दीर्घकालमा प्रतिस्पर्धात्मक लाभ लिन सक्छ। रोजगारसंगै नयाँ ज्ञान र सिपको विकास हुन्छ। |

| क्र.स. | अवसर / सम्भावनाको क्षेत्र | विवरण र लाभ |
|---|---|---|
| ४. | शैक्षिक अवसरहरु | विगतको इतिहास, सामाजिक मूल्यमान्यता, र चालचलनको बारेमा सिक्ने मौका प्रदान गर्दछ। पुराना संरचनाहरूको इन्जिनियरिङ्ग, प्रविधि, र स्थानीय सामग्रीको प्रयोगबारे जानकारी दिन्छ। भावी पुस्ताका लागि अनुसन्धान र वैज्ञानिक अध्ययनको आधार प्रदान गर्दछ। |
| ५. | सामाजिक एकताको भावनाको विकास | अनेकतामा एकताको भावना सिर्जना गर्न मद्दत गर्दछ। सामूहिक आस्था, विश्वास र मूल्यमान्यता निर्माण गर्दछ। धार्मिक सहिष्णुता र विश्वबन्धुत्वको भावना जागृत गरेर समृद्ध भविष्यको निर्माणमा मार्गदर्शन गर्दछ। |

## ७. समस्या तथा चुनौतीहरु

| क्र.स. | समस्या/चुनौतीको शीर्षक | विवरण | कारण र प्रभाव |
|---|---|---|---|
| १. | अवैध व्यापार र चोरीका कारण असुरक्षित हुनु | मूर्तिहरू हराउने, चोरी हुने र गोप्य राखिने। | कारणः चोरीको डर, खोजी कार्य अपुरो, फर्काउने प्रक्रिया जटिल। प्रभावः सांस्कृतिक परम्परा कमजोर हुनु, जात्रा चलाउन गाह्रो, ऐतिहासिक तथ्य हराउने। |
| २. | बढ्दो शहरीकरणको संरचना र मानवीय कृयाकलाप | धार्मिक स्थललाई ढाकेर भवन निर्माण, प्रदूषण, भारी साधनको प्रयोग। | कारणः अनियोजित शहरीकरण, निजी आवास/व्यवसायको लागि कब्जा।<br>प्रभावः संरचना कुरुप हुनु, धुलो-हिलो लाग्नु, ध्वनि प्रदूषणले शान्ति भङ्ग हुनु। |
| ३. | परसंस्कृतिकरणको प्रभाव र नयाँ पुस्तालाई मार्गदर्शनको उदासिनता | पुराना परम्परागत वस्तुछोडेर विदेशी वस्तु र लवज प्रयोगमा रुचि। | कारणः हीनताबोध, विदेशी वस्तु प्रतिष्ठाको प्रतीक, पुराना पुस्ताको उदासिनता।<br>प्रभावः सांस्कृतिक पहिचान हराउने खतरा, राम्रो संस्कारहरू हस्तान्तरण नहुनु। |
| ४. | जलप्रदूषण र नदी जन्य फोहर | त्रिवेणी घाट र खोलामा दुर्गन्धित पानी, सिनो, प्लास्टिक र अन्य फोहरको प्रवाह। | कारणः छिमेकी नगरपालिका सहितको फोहर, औद्योगिक कचरा, बाढीले थुप्रिएको बालुवा। प्रभावः पवित्र मानिने स्थान प्रदूषित हुनु, स्नान गर्न अयोग्य, वातावरण दूषित। |
| ५. | मेला तथा भिड पर्यटनबाट हानी | भिडका कारण संरचनामा असर, अनियन्त्रित फोहर फालिनु। | कारणः नियमनको अभाव र सचेतनाको कमी। प्रभावः संरचनात्मक क्षति, वातावरण प्रदूषण, स्थानीय सफाइ समस्यामा वृद्धि। |

| क्र.स. | समस्या/चुनौतीको शीर्षक | विवरण | कारण र प्रभाव |
|---|---|---|---|
| ६. | सरकारी नीति र कानुनी प्रावधानको कमी | संरक्षण नीतिहरू फितलो, जिम्मेवारी र स्पष्टताको अभाव । | कारणः दूरदृष्टिको अभाव, सांस्कृतिक सम्पदा पक्षको प्राथमिकतामा कमी। प्रभावः संपदाको अनियोजित दोहन, अमूर्त सम्पदा सङ्कटमा, दीर्घकालीन हानि। |
| ७. | सम्पदा संरक्षणमा आर्थिक अभाव | संरक्षण, मर्मत र जनचेतनाको लागि पर्याप्त बजेटको अभाव । | कारणः सरकारी स्तर बाट ध्यान नपुगेको, संपदाबाट भएको आयलाई पुनः संरक्षणमा लगानी नगर्नु ।<br>प्रभावः उचित हेरचाह नहुनु, सम्पदा क्षय हुनु, भावी पुस्तालाई हस्तान्तरण गर्न गाह्रो । |

## ८. निस्कर्ष

पनौतीको सांस्कृतिक सम्पदा आफ्नै विशिष्टता र ऐतिहासिक महत्व बोकेको छ । भौगोलिक रूपमा, यो क्षेत्र दुई खोलाको बीचको सामरिक रूपमा सुरक्षित केहि अग्लो भूभागमा अवस्थित छ, जहाँ ढुंगाको मजबूत संरचनाले दीर्घकालीन भवनहरूको अस्तित्वलाई संरक्षण गरेको छ । सहरको संरचना निर्माण वास्तुशास्त्रका सिद्धान्तअनुसार भएको छ, जहाँ चोक, ननी, गल्ली, मन्दिर,पाटी पौवा र इनारहरूको सुव्यवस्थित संरचनाले नेवार स्थापत्यकलाको उत्कृष्टता प्रदर्शन गर्दछ ।

सांस्कृतिक दृष्टिले, पनौतीमा अष्टमातृकाको संरक्षण,विहार,स्तुपाः, र गणेशको सर्वत्र विद्यमानताले धार्मिक एकता र सहिष्णुताको परिचय दिँदै आएको छ। यहाँको समुदायमा गुठी प्रथा, सामूहिक सहकार्य गर्ने पद्धतिका साथै सामाजिक एकताको भावना कायम रहेको छ । कृषिप्रधान अर्थतन्त्र र सांस्कृतिक परम्पराको सन्तुलनले यहाँको जीवनशैलीलाई विशेष बनाएको छ, जसको परिचय योमरी जस्ता पारम्परिक खाद्यपरिकारहरू र मकरमेला जस्ता महाकुम्भहरूले गर्दछ । यी सम्पूर्ण तत्वहरूले पनौतीलाई नेपालको सांस्कृतिक विरासतको एक जीवन्त सङ्ग्रहालय बनाएको छ । हामी हाम्रो समाजको अगाडि जुन किसिमको चुनौतीहरू देखिएका छन्, त्यस्ता स्थिति सुधार र सभ्यताको विकास भएतापनि मनोवैज्ञानिक सहयोगको आवश्यकता निरन्तर रहन्छ ।

सांस्कृतिक विरासतले व्यक्तिको जीवनमा मनोवैज्ञानिक स्थिरता कायम राख्न, व्यक्तिगत स्थिति, पहिचान र आत्मसम्मान निर्माण गर्न महत्वपूर्ण भूमिका खेल्दछ । अतः यी सम्पदाहरूको संरक्षणको लागि स्थानीय समुदाय, सरकारी निकाय, र गैर-सरकारी संस्थाहरूको समन्वय र सहकार्यमा प्रस्तावित कार्ययोजना र रणनीति  कार्यान्वयन गर्नु आवश्यक छ ।

## ९. सुझावः कार्ययोजना

पनौती सांस्कृतिक सम्पदा संरक्षणः सुझाव म्याट्रिक्स

| स्तर | सुझाव गरिएका कार्यहरू | कार्यान्वयन रणनीति | प्रत्याशित नतिजाहरू |
|---|---|---|---|
| नीति तथा संस्थागत | कानूनी ढाँचा र नीति सुदृढीकरण । सम्पदा संरक्षणको लागि समर्पित बजेट व्यवस्था | सांस्कृतिक सम्पदा संरक्षण ऐन लागू गर्ने । पारदर्शी निगरानी तन्त्र बनाउने ।संरक्षण कोष स्थापना गर्ने | अवैध व्यापार र चोरीमा नियन्त्रण । मर्मत र जनचेतनाको लागि वित्तीय स्थिरता। |
| शैक्षिक र सामुदायिक संलग्नता | भाषा र संस्कृतिको समेटिएको शिक्षा।<br>युवा संलग्नता कार्यक्रम। | विद्यालयस्तरमा नेवारी भाषा र स्थानीय इतिहासको पाठ्यक्रम । सांस्कृतिक युवा टोली गाठन र प्रशिक्षण | भाषिक ह्रास रोकथाम ( लक्ष्यः बोल्ने दर ७०%+)। युवामा "जोगाऔं" भावना बढाउने लक्ष्यः ६०%+)। |
| आर्थिक तथा आजीविका | सांस्कृतिक पर्यटन विकास स्थानीय कला र शिल्पको व्यावसायीकरण। | "होम-स्टे" र गाइड सेवा विकास । हस्तकला उत्पादन र विक्री वितरणमा सहयोग | रोजगारी सिर्जना ( विशेषगरी युवा । सांस्कृतिक अभ्यासहरूको आर्थिक मूल्याङ्कन। |
| संरचनात्मक र वातावरणीय | ऐतिहासिक संरचनाको वैज्ञानिक संरक्षण पर्यावरणीय स्वच्छता अभियान। | जिआइएस म्यापिङ्ग र संरचनात्मक अध्ययन । त्रिवेणी घाट र नदीको नियमित सफाइ | भौतिक सम्पदाको दीर्घायु। पवित्र स्थलहरूको गुणस्तरमा सुधार। |
| सामाजिक एकता र अभियान | सामूदायिक स्वामित्व बढाउने अभियान। सामूहिक उत्सव, लोप भइसकेका जात्राको पुनरुत्थान र भइरहेको जात्रा पर्व उत्सवलाई निरन्तरता। | "मेरो सम्पदा" जनचेतना कार्यक्रम । पुरानागुठी प्रथा उत्सव पर्वलाई पुनर्जीवित र पुनरुत्थान गर्ने प्रयास । | सामुदायिक सहभागिता बढाउने (लक्ष्यः ५०%+)। सामूहिक पहिचान र एकता कायम राख्ने । |

## १०. समुदायमा आधारित विस्तृत रणनीतिहरू

१. अन्तर-पुस्तीय ज्ञान आदानप्रदानको सशक्तीकरणः सांस्कृतिक विरासत संरक्षणको लागि महत्वपूर्ण कदम भनेको हाम्रा बुढापाकाहरूको ज्ञान र युवापुस्ताको उर्जालाई जोड्ने हो । यसको लागि "सांस्कृतिक दाजु भाई-दिदी बहिनी" कार्यक्रम सुरु गर्नुपर्छ, जहाँ कुनै पनि पुस्ताका बुढापाकाहरूले युवाहरूलाई नेवारी भाषाका गीतहरू, लोककथाहरू, परम्परागत हस्तकलाहरू र धार्मिक अनुष्ठानहरूको बारेमा सिकाउने गर्ने । यस्तो कार्यक्रमले न केवल सांस्कृतिक ज्ञानको हस्तान्तरणमा मद्दत गर्छ, तर यसले गाउँको सामाजिक संरचनालाई पनि मजबुत बनाउँछ ।

२. सामूदायिक स्वामित्वको पुनर्स्थापनाः सांस्कृतिक सम्पदाहरूको संरक्षणको लागि सामुदायिक स्वामित्वको भावना निकै महत्वपूर्ण छ। यसको लागि "एउटा घर, एउटा सम्पदा" अभियान सुरु गर्नुपर्छ, जहाँ प्रत्येक परिवारले आफ्नो घरनजिकै रहेको सांस्कृतिक सम्पदाको जिम्मेवारी लिनुपर्छ । साथै, पुरानो गुठी प्रथालाई पुनर्जीवित गरेर सामूहिक रूपमा सांस्कृतिक कार्यक्रमहरूको आयोजना र व्यवस्थापन गर्न सकिन्छ ।

३. सांस्कृतिक अर्थतन्त्रको विकासः सांस्कृतिक विरासतलाई संरक्षण गर्न यसलाई आर्थिक गतिविधिसँग जोड्नु जरुरी छ। यसको लागि "सांस्कृतिक उद्यमिता" कार्यक्रम सुरु गर्नुपर्छ, जहाँ स्थानीय युवाहरूलाई परम्परागत हस्तकला, स्थानीय खानापकवान, सांस्कृतिक पर्यटन जस्ता क्षेत्रमा प्रशिक्षण दिईने । उदाहरणको लागि, युवाहरूले पनौतीको ऐतिहासिक वस्तुहरूको प्रतिकृति बनाएर बेच्न सक्छन्, वा स्थानीय परिकारहरूको ‘पनौती फूड वाक’ सुरु गर्न सक्छन् । यसले गर्दा युवाहरूको रोजगारी बढ्ने, सांस्कृतिक सम्पदाहरूको आर्थिक मूल्य बढ्ने र युवाहरू आफ्नो संस्कृतिसँग जोडिएर रहने प्रवृत्ति बढ्ने छ ।

४. सांस्कृतिक स्थलहरूलाई सामाजिक केन्द्रको रूपमा विकासः पनौतीका चोक, घाट, मन्दिरहरू केवल भौतिक संरचनामात्र होइनन्, ती हाम्रा सामाजिक सम्बन्धहरूको केन्द्रबिन्दु हुन् । यी स्थलहरूलाई पुनर्जीवित गर्न साप्ताहिक सांस्कृतिक गतिविधिहरूको आयोजना गर्नुपर्छ । उदाहरणको लागि, शनिवार त्रिवेणी घाटमा स्थानीय कलाकारहरूले भजन,सङ्गीत र नृत्य प्रस्तुत गर्न सक्छन्, वा शुक्रबार ऐतिहासिक चोकहरूमा स्थानीय किसानहरूले आफ्ना उत्पादनहरू हाटबजारमाबेच्न सक्छन् । यसले गर्दा यी स्थलहरूमा जीवन आउने, मानिसहरूको आवतजावत बढ्ने र सामुदायिक एकताको भावना मजबूत हुने छ ।

५. सांस्कृतिक गौरवको पुनर्निर्माणः आधुनिकताको बढ्दो प्रवृत्तिले गर्दा युवापुस्तामा सांस्कृतिक हीनभावना विकास भएको छ । यसलाई परिवर्तन गर्न "हाम्रो संस्कृति, हाम्रो गर्व" अभियान सुरु गर्नुपर्छ । यस अन्तर्गत स्थानीय विद्यालयहरूमा पनौतीको इतिहास, वास्तुकला र सांस्कृतिक महत्वबारे विशेष कक्षाहरू सञ्चालन गर्नुपर्छ । साथै, स्थानीय भाषा, संस्कृति र इतिहासमा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीहरूलाई पुरस्कृत गर्ने, सांस्कृतिक प्रतियोगिताहरू आयोजना गर्ने लगायतका कार्यक्रमहरू गर्नुपर्छ । यसले गर्दा युवाहरूमा आफ्नो संस्कृतिप्रति गर्वको भावना विकास हुनेछ ।

६. सहभागी सांस्कृतिक व्यवस्थापनः पनौतीको सांस्कृतिक सम्पदाहरूको संरक्षणको लागि "पनौती सांस्कृतिक परिषद्" गठन गर्नुपर्छ, जसको सदस्यतामा स्थानीय निवासी, युवा प्रतिनिधि, बुढापाकाहरू, स्थानीय कलाकारहरू र सांस्कृतिक विशेषज्ञहरू रहने । यो परिषद्ले नै पनौतीका सांस्कृतिक सम्पदाहरूको संरक्षण, मर्मत सम्भार, प्रवर्द्धन र व्यवस्थापनको जिम्मेवारी बहन गर्ने। यसले गर्दा सांस्कृतिक संरक्षणको कार्यमा स्थानीय समुदायको सिधा स्वामित्व रहेको महसुस हुनेछ । ऐतिहासिक महत्व वोकेका शिलालेख,मन्दिर,मूर्ति,स्मारक,पाटी,सत्तल,देवघर,टोल क्षेत्र स्थानको ऐतिहइासिकता झल्किने गरि सङ्क्षिप्त परिचय खुलाई सुरक्षित साथ सर्वसाधारणले बुझिने गरि नेमप्लेट राखिनुपर्छ ।

## सन्दर्भ सामग्री


अतिथि देवो भवः२०५८, पुष्प सौगात , पनौती

बनेपा सात गाउँ,हरेराम जोशी

भुजङ पत्रिकाको २०८०वर्ष २५ अङ्क २६को काभ्रेका केही शिवलिंग शीर्षकका पेज न. ४७ र४८

पनौती नगरपालिका,पनौती पर्यटन विकास केन्द्र र नसंचा पुचः २०८१

पनौतीको मकरमेला र चाडपर्वहरु ,सुमनराज ताम्राकार

पनौती सङ्ग्राहलय दर्पण,पनौती

गोपालराज वंशावलीको पत्र न.१७, २९ र ६१

नेपालको पूर्व मध्यकालको इतिहास ज्ञानमणि नेपाल नेपाल एशियाली अनुसन्धान केन्द ,कीर्तिपूर,२०५४ पृष्ठ १४८

पन्तिया अभिलेख ने.स. ११२० मा प्रकाशित योगेशराज द्वारा सम्पादित

पनौतीका प्राचीन कथाहरु,तुईकाजी ताम्राकार पनौती

पनौती महोत्सव विशेषाङ्क २०५५

पन्तिया अभिलेख ने.स. ११२० मा प्रकाशित योगेशराज द्वारा सम्पादित

Rajbhandari R.K., *Basic Sociology for Social Work*, Jupitar Prakashan, Kathmandu

नसंचा भाषा,संस्कृति व साहित्य दँ पौ अंक २ पनौतीया तनवने धुंकूगु पुलां जात्रा स्व.सत्यनारायण मानन्धर

जनगणना तथ्याङ्क २०७८, वडा नं ७ पनौती न.पा.बाट उपलव्ध

**अनुसूची १: पनौतीको ऐतिहासिक नामहरू**

| क.सं. | ऐतिहासिक नाम | नेपाल सम्वत् | क.सं. | ऐतिहासिक नाम | नेपाल सम्वत् | क. सं. | ऐतिहासिक नाम | नेपाल सम्वत् |
|---|---|---|---|---|---|---|---|---|
| १. | पुनांगुं | ४३१ (राजा वसन्तदेव) | ११. | पूर्ण्णमती | ५१६ (जयसिंहरामबर्धन) | २१. | पुण्यवती | ८३६ |
| २. | श्री इन्द्रमुलस्थान | ४८१ (राजा शङ्करदेव) | १२. | पूर्ण्णवती | ५२१ | २२. | पनाति | ८४१ |
| ३. | पुण्यमति | ४८१(राजा जय अर्जुनदेव) | १३. | पुन | ५४० (शक्तिसिंह) | २३. | पुण्यवती | ८७३ |
| ४. | पन्नगविषय | २७० | १४. | पूर्ण्णामति | ६६४ (जयप्राण मल्ल) | २४. | पुन्याओति | ८७३ |
| ५. | पूर्ण्णमती | ४६२ | १५. | पुण्यावती पुरी | ७८४ | २५. | पुण्यवति | ९०२ |
| ६. | पुनन्ती | ४६६ | १६. | पनति | ७८८ | २६. | पुण्यवति | ९५० |
| ७. | पुन्यमतीनगर | ४८१ | १७. | पनाति | ८०१ | २७. | पुर्ण्णावती | ९६२ |
| ८. | पनुंगविषय | २८२ | १८. | पनन्ति | ८२० | २८. | पुणोवती | ९६२ |
| ९. | पूर्णमती | ४९७ (जयस्थिति मल्ल) | १९. | पनान्ति | ८२१ | २९. | पुण्यावती | ९६५ |
| १०. | प्वनंती | ४९७ (जयस्थिति मल्ल) | २०. | पन्नाति | ८२१ | ३०. | पनाति | ९७३ |

स्रोत :पनौती नगरपालिका,पनौती पर्यटन विकास केन्द्र र नसंचा पुचः २०८१

**अनुसूची २: पनौतीका ऐतिहासिक अभिलेखहरू**

| क.सं. | अभिलेखको प्रकार | स्थान | सम्वत् | मुख्य विषयवस्तु / ऐतिहासिक महत्व |
|---|---|---|---|---|
| १ | शिलालेख | खोपासी, मयलबोट | ५२० | लिच्छवी राजा शिवदेव र महासामन्त अशुंवर्माको शासनकालको कर मिनाहा सम्वन्धी व्यवस्था |
| २ | स्वर्णपत्र | इन्द्रेश्वर मन्दिर | ५०५ | जीवराज रावुत कसाद्वारा चढाइएको |
| ३ | शिलालेख | यालाछटोल | ५१३ | न्हुंवहाः ननीःको चैत्य स्तुप सम्बन्धी |
| ४ | स्वर्णपत्र | इन्द्रेश्वर मन्दिर | ५२१ | राजा जयसिंह रामद्वारा पशुपतिनाथको प्रतिष्ठा र इन्द्रेश्वर मन्दिरको शिवलिङ्गमा सुनको खोल |
| ५ | ताम्रपत्र | इन्द्रेश्वर मन्दिर | ७८४ | मुक्तिराज भारोद्वारा सुनको छत्र चढाउने |

| क्र.सं. | अभिलेखको प्रकार | स्थान | सम्वत् | मुख्य विषयवस्तु / ऐतिहासिक महत्व |
|---|---|---|---|---|
| ६ | शिलापत्र | त्रिवेणीघाट | ७८४ | कृष्ण मूर्तिको स्थापना र खेतको व्यवस्था |
| ७ | शिलापत्र | ब्रम्हायणी मन्दिर | ८३६ | रानी विश्वलक्ष्मीद्वारा मन्दिर निर्माण र पूजाको व्यवस्था |
| ८ | शिलापत्र | ब्रम्हायणी मन्दिर | ८४१ | रानी विश्वलक्ष्मी र रणजित मल्लले पित्तलको पाताले मोडेको र पूजाका लागि खेतको व्यवस्था |
| ९ | शिलालेख | पमाडिटोल | ७८८ | नरसिंहनारायण मठको स्थापना |
| १० | शिलापत्र | अघाटोल | ७९४ | जयजितामित्र मल्लको शासनकालमा भवानीशङ्कर मूर्तिको स्थापना |
| ११ | शिलालेख | वलाछेंटोल | ७९५ | मञ्जुश्री, सूर्यविनायक र भीमसेनको मूर्ति स्थापना |
| १२ | शिलापत्र | पमाडिटोल | ८०१ | जितामित्र मल्लद्वारा दान र खेतको व्यवस्था |
| १३ | शिलापत्र | अघाटोल | ८०९ | देवमूर्तिको प्रतिष्ठा |
| १४ | ताम्रपत्र | पमाडिटोल | ८२० | भूपतीन्द्र मल्लद्वारा भैरवाग्नि यज्ञको लागि डाडु पन्यू चढाएको |
| १५ | शिलापत्र | इन्द्रेश्वर मन्दिर | ८२१ | मठाधिश श्री चन्नवीर देवद्वारा मठगृह निर्माण |
| १६ | शिलालेख | मानेश्वरी बसपार्क | ८३३ | भोनिसंष भारोद्वारा पाटी निर्माण र खेत चढाएको |
| १७ | शिलालेख | वलाछेंटोल | ८३४ | हरसिद्धी भवानीको मूर्ति स्थापना |
| १८ | ताम्रपत्र | इन्द्रेश्वर मन्दिर | १६३ शक् सम्वत | इन्द्रावती देवीद्वारा भाँडा र गाई चढाएको |
| १९ | शिलापत्र | अघाटोल | ८७३ | महाविष्णु भारोद्वारा पाटी निर्माण र खेतको व्यवस्था |
| २० | शिलालेख | त्रिवेणीघाट | ८७६ | इश्वरी जय कृष्णदेवद्वारा मूर्ति चढाउने |
| २१ | शिलापत्र | वलाछेंटोल | ८७७ | शुकी र धर्मराज बुद्याचार्यद्वारा पाटी जीर्णोद्धार र खेतको व्यवस्था |
| २२ | शिलापत्र | खोपासी | ८८१ | विस्यश्वर गिरिद्वारा धर्मशाला निर्माण र खेतको व्यवस्था |
| २३ | शिलापत्र | रोशीखोला पारि | ९०२ | भीमसेन मन्दिरको तोरण स्थापना र मतापूजाको व्यवस्था |
| २४ | अभिलेख ( खट्मा) | पमाडिटोल | ९३१ | ब्रम्हायणी देवीको सिंहासन ढलोटमा काजी अमरसिंह थापाको नाम |
| २५ | अभिलेख मुखुण्डो) | इन्द्रेश्वर मन्दिर | ९५७ | उन्मत्त भैरवको मूर्ति स्थापना |
| २६ | चाँदीपत्र | इन्द्रेश्वर मन्दिर | ९८७ | राजा सुरेन्द्रका सचिव जंगबहादुर र भैरवसिंह चंमुनिको परिवारद्वारा मन्दिरको सुनौलो छाना चढाएको |
| २७ | शिलापत्र | यालाछटोल | वि.स. १८४४ | देवनारांद्वारा पाटी निर्माण, नारायण स्थापना र बत्ती बाल्ने व्यवस्था |

स्रोतः राज, ने.सं. ११२०

**अनुसूची ३ः पनौती नगरका भौतिक सांस्कृतिक सम्पदाहरू**

| क्र.सं. | क्षेत्र/टोल | प्रमुख सम्पदाहरुको नाम | विशेषता |
|---|---|---|---|
| क. | इन्द्रेश्वर मन्दिर परिसर | इन्द्रेश्वर महादेव,उन्मत्त भैरव, अष्टमातृका, तुला/सत्य/लक्ष्मी/माधव नारायण, विश्वेश्वर, कृष्ण नारायण, सूर्यनारायण, उमामहेश्वर, शिवलिंग, क्षेत्रपाल, अहिल्याशिला, धर्मकांटा, जोरपाटी, पुजारीघर, सङ्ग्रहालय, डबली, इनार, चोक | १३औं शताब्दीको पैगोडा शैली, ऐतिहासिक शिलालेख, धार्मिक केन्द्र |
| ख. | सचीतीर्थ त्रिवेणीघाट | बंशगोपाल राधाकृष्ण मन्दिर, विश्वरुप,बासुकी नागराज, मत्स्यनारायण,सीताराम हनुमान, केदारनाथ, लक्ष्मी-सरस्वती-राम-कृष्ण मन्दिर, बद्रीनाथ, मुक्तेश्वर, पञ्चमुखी महादेव, संकटनारायण, नवग्रह, माधवनारायण, गणेश-शिव-सूर्य मन्दिर, शेषनारायण, धर्मस्तम्भ, घाटहनुमान, भजन सत्तल, ब्रम्हायणीमाई, संस्कार पाटी | तीन खोलाको सङ्गम, त्रिवेणीधाम, धार्मिक सम्पदा मार्गको सुरुवात |
| ग. | यालाछेंटोल | थाम्पा भैरव, उमामहेश्वर-गणेश-सरस्वती, त्रिपरासुन्दरी, भगवती, यालाछें गणेश, पूर्णागिरी महादेव,भगवती, नासःद्यो (नृत्यनाथ), विभिन्न पाटीहरु, इनार, चोकहरु | धेरै मठमन्दिर, धार्मिक सम्पदा मार्ग |
| घ. | अघाटोल | न्हुःवहा चैत्य, दीपंकर बुद्ध, अजाजु अजिमा, भद्रकाली, कपमरु गणेश, गुजेश्वरी, नवदुर्गा, पशुपतिनाथ, पलाञ्चोक भगवती, लाम्पाटी, सिद्धिविनायक, गुप्तेश्वर गुफा, सरस्वती, मानेश्वरी, महांकाल भैरव, विभिन्न पाटीहरु, डबली, ढुङ्गेधारा, इनार ऐतिहासिक राजदरबार क्षेत्र, | शिल्पी र व्यवसायीको बस्ती |
| ङ. | लायकु स्मारक क्षेत्र | राजदरबार, तलेजु मन्दिर, इनार, डबलीलिच्छविकालिन पुरातत्व वस्तु भेटिएको, | जीवित देवी कुमारीको परम्पराको सुरुवात, धार्मिकमार्गको अन्तिम बिन्दु |
| च. | पमाडिटोल | पमाडिटोल काठनगणेश, भिमसेन, शितला, लाछिपाटी, पञ्चबुद्ध चिबा, ब्रम्हायणी, सोह्रखुट्टे पाटी, नरसिंहमठ, महालक्ष्मी, इन्द्रायणी, बुंगःकरुणामय, दुग्धेश्वर, चक्रेश्वर, इनार, चोकहरु, क्वाथः (हतियार भण्डार) | कर्माचार्यहरुको विद्यापीठ, दुर्गको रूपमा रहेको केही सम्पदा लोप/चोरी |
| छ | वलाछेंटोल | जलविनायक, धर्मधातु महाविहार, पञ्चबुद्ध चिबा, ख्वाखनाः गणेश, हैमा द्योः, हरसिद्धी सत्तल, गुरुजुहरुको देवघर, नासःद्यो, विभिन्न पाटीहरु, इनार, चोकहरु | धार्मिक सम्पदा मार्गले जाने र खोलाछेउ |
| ज. | दुमांगलटोल | सूर्यविनायक, दुमांगल भजनपाटी, डबली, भैरव, ढुङ्गेधारा, इनार | ऐतिहासिक टोल, तुलजा भवानीको पहिलो प्रवेश |
| झ | कोलाछेंटोल | कार्यविनायक, कमलादी गणेश, नृत्यनाथ, कोलांछें भजन पाटी, डबली, इनार,चोक | पुरानो बस्ती, कालमठ लोप |
| ञ. | अन्य टोल कपालकोट | तेजगङ्गा क्याम्पस नेर नारायण, कपालकोटका देवीदेवता, कपालकोट | वडा न. ७ भित्र |

**लोप, हराएका र स्थानान्तरण भएका सम्पदाहरू:**

१. पमाडीटोलको आगं छें (विद्यापीठ) भवन भत्किएको, मूर्ति हराएको
२. बुद्ध विहार लायकुबाट रोशीखोला पारि सारिएको
३. सचीतीर्थको सूर्य मूर्ति चोरी
४. भैरवको मुखुण्डो चोरी (प्रतिमूर्तिले काम चलाइरहेको)
५. हरसिद्धी सत्तलको भैरबको मुखुण्डो हराएको
६. ब्रम्हायणीको मूर्ति चोरी (प्रतिमूर्तिले काम चलाइरहेको)
७. त्रिवेणीघाटबाट सूर्य, नवग्रह, लक्ष्मी, विष्णु र गरुडको मूर्ति चोरी
८. उमामहेश्वरको मूर्ति लायकुमा सारिएको
९. रोशी र पुण्यमाता खोलाका विभिन्न घाटहरू लोप भएका
१० कोलाछें टोलको काल्मठ लोप भएको (उत्खनन आवश्यक)
११. पनौतीका चारै दिशाको प्रवेशद्वार (ढोका) पुनःस्थापन आवश्यक

**अनुसूची ४: पनौतीका अभौतिक सांस्कृतिक सम्पदाहरु**

**क) चाडपर्व**

१) वैशाख महिनामा मनाइने आमाको मुख हेर्ने,अक्षय तृतीया नेवारीकन्याको बेलविवाह
२) जेठ महिनामा सिठी नखः, जेठपूर्णिमा ज्याःपुन्ही
३) आषाढ महिनामा गुरुपूर्णिमा चतुर्मास भजन गाउने शुभारम्भ गर्ने, दहि च्यूरा खाने १५ गते, सिना ज्याः बेंकेगु
४) श्रावण महिनामा श्रावण संक्रान्ति, नागपञ्चमी,घण्टाकर्ण गठामुग चह्रे,रक्षाबन्धन जनैपूर्णिमा
५) भाद्र महिनामा नमोबुद्ध पञ्चदान जात्रा,कृष्णाष्टमी कृष्णजात्रा, पिताको मुखहेर्ने,तीज, भिसिंद्योः जात्रा भीमाद्वादशी, भाद्रशुक्ल चतुर्दशी जालद्यो : जात्रा
६) आश्विन महिनामा सारांघासा पुन्ही यन्यापुन्ही,सोह्र श्राद्ध,घटस्थापना,फूलपाटी, महाअष्टमी, महानवमी स्याकोःत्याकोः, विजयादशमी मोहनी तलेजु जात्रा, द्वादशी बलं भ्वय ब्रम्हायणी जात्रा, चिराग जात्रा
७) कार्तिक महिनामा कागतिहार, कुकुरतिहार, लक्ष्मीपूजा एवं महालक्ष्मी जात्रा, म्हः पूजा गोवर्धनपूजा र नेपाल सम्वत भिन्तुना ज्याली, भाईटीका किजापूजा, लड्केश्वरी मेला ठूलोएकादशी, कार्तिक पूर्णिमा सकिमना पुन्ही तथा नमोबुद्ध मेला र चतुर्मास भजन समाप्ती
८) मंसीर महिनामा गुठी पुजा, योमरी पूर्णिमा तथा काठनगणेश जात्रा र दीवाली पूजा
९) पौष महिनामा पूर्णिमा देखि श्री स्वस्थानी व्रत आरम्भ,
१०) माघ महिनामा माघेसंक्रान्ति, माधवनारायण मेला, श्रीपञ्चमी, भिमाद्वादशी
११) फागुन महिनामा महाशिवरात्री, होली पुन्ही संकटामाईको जात्रा
१२) चैत्र महिनामा पिशाच चतुर्दशी घोडाजात्राका दिन कों द्योः जात्रा लोप भएको, रामनवमी, चैते दशैं

**ख) मेला तथा जात्रा** : पनौती मकरमेला प्रत्येक १२ वर्षेमा माघ महिनाभर , नवदुर्गा जात्रा ,हरसिद्धि जात्रा (पछिल्लो २०७८ देखि) प्रत्येक१२ वर्षेमा मंसिर पूर्णिमा देखि चैत्रसम्ममा , बौद्धमार्गीहरुले मनाउने हैचाक्वैँचा द्योः जात्रा

**ग) बाजागाजा :** धिमे बाजा,  नायःखिन्चा, बांसुरी , गुलां बाजा, पछिमा, कुश्ले सनाई , इन्द्रेश्वर मन्दिर प्राङ्गनमा बजिने नगरा बाजा, मानन्धरहरु वाट बजाइने हाल ६६ वर्पदेखि लोप भएको कं बाजा

**घ) सांस्कृतिकनृत्यहरुः** देवी नाच, नवदुर्गा नाच, हरसिद्धि नाच, गाईजात्राको दिन शोक स्मृति नृत्य, यन्यापुन्हि अघि मनाइने लाखेनाच, खड्गीहरुबाट नाच देखाइने हाल लोप भएको माकचा बाँदर नाच, जोगी प्याखँ विभिन्न जात्रा र पर्वहरुमा मुखौटा लगाएर प्रदर्शन ।

ङ) **रीतिरिवाज एवं परम्पराहरु :**

**१) पूजा :** दैनिक विहान वेलुका इन्द्रेश्वर महादेवको,प्रत्येक शनिवार ब्रम्हायणीमाईको पूजा, प्रत्येक दिन नरसिंहनारायण पूजा,देशपूजा

**२) भजन** : हरेक विहान त्रिवेणीघाट र काठनगणेश सत्तलमा, चतुर्मास टोलेभजन , सत्सङ्ग मन्दिरमा मासिक भजन

## अनुसूची ५: पनौतीका सामाजिक संघ/संस्था र तिनको योगदान

**१) क्लव तथा पुच :** नसंचाः पुचः , पासा पुचः, नमो वुद्ध युवा, पनौती युवा ,नवयुवा, गणेश युवा, पनौती नेपाल

**२) टोल सुधार समिति तथा समूह** :  कोलांछें महिला समूह ,पमाडि महिला समूह, भद्रकाली महिला र पुरुष समूह, , काथनगणेश टोल सुधार समिति , वलाछें टोल सुधार समिति, कोलांछें टोल सुधार समिति, दुमांगल टोल सुधार समिति, त्रिपुरा सुन्दरी टोल सुधार समिति, अघाटोल टोल सुधार समिति, पमाडि टोल सुधार समिति, कपालकोट टोलसुधार र संस्कार समिति

**३) गुठी समूह** :अजम्बर कर्माचार्य गुठी, ब्रम्हायणी गुठी   समूह, भिसिंद्यो गुठी , ल्यामोः गठी समूह,काथन गणेश गुठी समूह , मानेश्वरी च्याः गुठी, कार्य विनायक कोलाछ तः गुठी, उमामहेश्वरी गणेश स्थान गुठी

**४) विद्यालय क्याम्पसः** पनौती आधारभूत विद्यालय(पाठशाला), इन्द्रेश्वर मा.वि.(गाभिएको इन्द्रेश्वर प्रा.वि.सहित), पुण्य मा.वि., सूर्योदय आवासीय अङ्ग्रेजी मा.वि., नवरत्न अङ्ग्रेजी आवासीय मा. विं इन्द्रेश्वर क्याम्पस , तेजगङ्गा बहुमुखी क्याम्पस

५) **पुस्तकालय :** ज्ञान विकास पुस्तकालय, पुनर्जागरण पुस्तकालय( बन्द भएको) , नसंचा ब्वने कुथी (बन्द भएको)धेनु पुस्तकालय ं(लोप भएको)

६) पनौती जात्रा पर्व सञ्चालन समिति

~O~